नेपाल सरकार (मन्त्रीस्तर)बाट स्वीकृत मिति २०७६।०१।२७

## सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धी विनियमावली, २०७६

सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिश गर्नयोगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ४२,७०र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २६ ले दिएको अधिकार प्रयोग गरी कोषले "सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धीविनियमावली, २०७६" तर्जुमा गरी लागू गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "सामाजिक सुरक्षा कोषको कार्यकारी निर्देशकको छनौट, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्वन्धीविनियमावली, २०७६" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा ४२ तथा यस विनियमावली वमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्दछ।

(घ) "समिति"भन्नाले ऐनको दफा २९ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) "उपसमिति"भन्नाले ऐनको दफा ४२ को उपदफा (२) वमोजिम गठन भएको छनौट उपसमिति सम्झनु पर्दछ ।

३. **छनौट उपसमितिको गठन :** (१) ऐनको दफा ४२ को उपदफा (२) वमोजिमसमितिले कार्यकारी निर्देशक नियुक्तिको लागि योग्य उम्मेदवारहरुको नाम सिफारिश गर्न समितिका सदस्यहरु मध्येबाट तीन सदस्यीय छनौट उपसमिति गठन गर्नेछ ।

(२) उपसमितिले यस विनियमावलीमा उल्लेख भएको व्यवस्था वमोजिम सिफारिश गरेका उम्मेदवार मध्येबाट एकजनालाई कोपले कोषको कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ ।

४. **उम्मेदवारको न्युनतम योग्यता तथा कार्य अनुभव:**ऐनको दफा ४२ को उपदफा (३) वमोजिम अर्थशास्त्र, व्यवस्थापन, श्रम, वाणिज्यशास्त्र वा कानूनामा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ सस्था वा प्रचलित कानूनवमोजिम संस्थापना भएको कम्पनी वा संगठित सस्थाको अधिकृत स्तरको पदमा कम्तिमा पन्ध्र वर्षको कार्य अनुभव भएको र निवेदन दिने अन्तिम मितिमा ५५ वर्ष उमेर ननाघेकोव्यक्ति कोषको कार्यकारी निर्देशक पदको उम्मेदवार हुन सक्नेछ ।

५. **निवेदन आह्वान गर्नु पर्ने :** (१) कोषमा रिक्त भएको वा हुने कार्यकारी निर्देशकको पदपूर्तिका लागि समितिले २१ दिनको म्याद दिई कुनै दुई राष्ट्रिय स्तरको दैनिक पत्रिका र कोषको वेभसाइटमा सूचना प्रकाशित गर्नु पर्ने छ।

(२) उपविनियम (१) मा उल्लेख गरिएको अवधि भित्र तीनवटा भन्दा कम निवेदन परेमा उक्त निवेदनलाई कायमै राखि म्याद सकिएको तीन कार्यदिन भित्र पुनः सात दिनको थप म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपविनियम (२) बमोजिमथप भएको म्याद भित्र समेत तीनवटा भन्दा बढि निवेदन प्राप्त नभएमा जति निवेदन प्राप्त भएको छ सोही बमोजिम नै नियुक्तिको प्रकृया अगाडि बढाउन बाधा पर्ने छैन।

६ **निवेदन साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**(१) विनियम (३) बमोजिम योग्यता पुरा गरेका ईच्छुक उम्मेदवारले कोषमा निवेदन दिदाँ निवेदनसाथ देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरीकागजातहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी पेश गर्नु पर्नेछ :

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यवसायीक अनुभवको प्रतिलिपिहरु,

(ग) उम्मेदवारले आफ्नो निवेदन साथ (फण्ट साईज- अंग्रेजी-Times and Roman-एघार र नेपाली, प्रिती-चौध/युनिककोड-बाह्र) मा दश पृष्ठमा नबढ्ने गरीसामाजिक सुरक्षा कोपकोव्यावसायिक कार्ययोजना(Business Plan) तयार गरी सो को छ प्रति सिलबन्दी गरी पेश गर्नु पर्नेछ। कार्ययोजना नेपाली र अंग्रेजी दुवै भाषामा हुनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम निवेदन दिदाँ देहायको कुराहरु उल्लेख गरी हस्ताक्षर गरी स्वघोषणाको कागज समेत पेश गर्नु पर्नेछ :

(क) कोषसंग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण,बैंकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(घ) दामासाहीमा नपरेको, कीर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको

(ङ) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी वा प्रचलित कानुन बमोजिम कालोसूचीमा नपरेको,

(च) प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको.

७. **व्यवसायिक कार्ययोजना:** उम्मेदवारले निवेदनसाथ पेश गर्ने व्यवस्थापन तथा संचालन कार्ययोजनातयार गर्दा ऐनको दफा ४३ तथा यस विनियमावलीमा उल्लेख भए बमोजिम कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारसमेतका आधारमा देहायका कुराहरुसमावेश गरीएको हुनु पर्नेछ ।

(क) सामाजिक सुरक्षा कोषको सामान्य परिचय (General Introduction of Social Security Fund)

(ख) कोषको संरचना र कानुनीस्थिति(Structural and Legal Status)

(ग ) कोषको वर्तमान स्थिति(Current Status of the Fund.)

(घ) कोषको सबल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

(ङ) अन्य देशका यस्तै प्रकृतिका कोषहरुको सफल अभ्यासको संक्षिप्त विश्लेषण

(च) कोषको दीर्घकालीन योजना(Longterm Plan)

उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुदृढीकरण र क्षमता विस्तार, सुचना प्रविधिको उपयोग, कार्यक्षेत्र विस्तार, योगदानकर्तामैत्री सेवा प्रवाह, लगानी व्यवस्थापन, वित्तीय जोखिम व्यवस्थापन जस्ता विषयहरु समावेश भएको ।

(छ) समयसीमा सहितको रणनीतिक कार्ययोजना (Time - Bond Strategic Action plan)

(ज) व्यवसायिक कार्ययोजनाको कार्यान्वयन योजना (Implementation Modality of Business Plan)

८. **छनौट प्रकृया :**(१) तोकिएको म्याद भित्र कोषमा प्राप्त निवेदनहरु तथा कागजातहरु उपसमितिमा पठाउनु पर्नेछ ।

(२) कोषमा प्राप्त निवेदन तथा कागजातहरु उपसमितिमा पठाउदा सिलवन्दी गरी निवेदकले पेश गरेकोव्यवसायिक कार्ययोजना समेत पठाउनु पर्ने छ ।

(३) उपसमितिले निवेदन साथ पेश भएका कार्ययोजना र विवरणहरु निवेदन पेश गर्ने अवधि पछि बस्ने प्रथम बैठकमा नै खोल्नुपर्नेछ ।

(४) निवेदन दिनु पर्ने अन्तिम म्याद समाप्त भए पछि छनौट उपसमितिले शैक्षिक योग्यता, अनुभव तथा कार्ययोजनाको आधारमा उपलब्ध भए सम्म उत्कृष्ट ६ जना उम्मेदवारकोवर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचिमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यवसायिक कार्ययोजनाको प्रस्तुतीको लागि मिति, समय र स्थान तोकी सो को सूचना दिनु पर्नेछ ।

(५) उपविनियम (४) बमोजिमको सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तवार्तामा सहभागी हुन आउदा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं निवेदन साथ पेश गरेका कागजातहरुको सक्कल प्रति साथै लिई आउनु पर्नेछ ।

(६)उपसमितिले शैक्षिक योग्यता, अनुभव, व्यवसायिक कार्ययोजना तथा प्रस्तुतीकरणका आधारमा तीनजना व्यक्ति छनौट गरी नियुक्तिको लागि समिति समक्ष पेश गर्नेछ । यसरी सिफारिश गर्दा वर्णानुक्रमका आधारमा सिफारिस गर्नु पर्नेछ ।

९. <u>उम्मेदवारको मुल्याङकन गर्दा दिईने अंकभार</u> : (१) छनौट उपसमितिले उम्मेदवारको छनौट गर्दा कुल अंकभार एक सय कायम गरी देहाय वमोजिमको आधारमा उम्मेदवारलाई अंकभार दिई सो आधारमा मुल्यांकन गर्नु पर्नेछ :

(१) **<u>शैक्षिक योग्यता</u>** - दशअङ्क

(क) ८० प्रतिशत वा सो भन्दा वढी - दश अंक

(ख) ६० प्रतिशतभन्दा वढी र ८०प्रतिशत भन्दा कम - आठ अंक

(ग) ६०प्रतिशत भन्दा कम -पाँच अङ्क

(२) <u>कार्य अनुभव</u> - दश अङ्क

(प्रत्येक वर्षको दुईअंकका दरले १६ वर्षदेखि २०वर्षसम्म वढिमा दश अंक) कार्य

(क) न्युनतम १५ वर्षको कार्यानुभव पछिको प्रत्येक वर्षको दुईअंकका दरले वढीमा ५ वर्षको अंक गणना गरिने छ ।

(ख) एक वर्ष भन्दा कम अवधिको अनुभव वापत अंकभार गणना गरिने छैन ।

(३) <u>व्यवसायिक कार्ययोजना</u> - **तीस अङ्क**

(क) विषयवस्तुको ज्ञान - पाँच अङ्क

(ख) SWOT Analysis सहितको दीर्घकालीन सोच - दश अङ्क

(ग)रणनीतिक योजना - दश अङ्क

(घ) कार्यान्वयन कार्ययोजना - पाँच अङ्क

(४) **प्रस्तुतीकरण** - **पच्चिस अङ्क**

(क) तर्कपूर्ण प्रस्तुति - दश अङ्क

(ख) सिर्जनसिलता - पाँच अङ्क

(ग) विषय वस्तुकोविश्लेषणात्मक बुझाई-पाँच अङ्क

(घ) कार्ययोजनाप्रतिको स्पष्टता - पाँच अङ्क

(५) **अर्न्तवार्ता** - **पच्चिस अङ्क**

(क) व्यक्तित्व - तीन अङ्क

(ख) नेतृत्व गर्ने क्षमता -पाँच अङ्क

(ग) विषयवस्तुको ज्ञान - पाँच अङ्क

(घ) समस्याको समाधानका लागि तार्किक विश्लेशण- पाँच अङ्क

() संचार, समन्वय र अन्तर - व्यैयक्तिक सीप - पाँच अङ्क

(च) सकारात्मक सोच - दुई अङ्क

(२) छनौट उपसमितिले उपविनियम (१) बमोजिमको आधारमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको सम्पूर्ण अङ्क जोडी विनियम (८)को उपविनियम (५) बमोजिम उम्मेदवारको नाम वर्णानुक्रमको आधारमासमिति समक्ष सिफारिश गर्नुपर्ने छ ।

(३) छनौट उपसमितिले उम्मेदवार छनौट मूल्याङकनकोकार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

१०. **कार्यकारी निर्देशकको नियुक्ति:** (१) कोषको प्रशासनिक प्रमुखको रुपमा कार्य सम्पादन गर्न विनियम (८) को उपविनियम (५) बमोजिम सिफारिशभएको व्यक्तिहरु मध्येवाट समितिले कुनै एक उम्मेद्वारलाई कार्यकारी निर्देशकको पदमा सिफारिशगर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सिफारिश भएकोपन्ध दिन भित्र कार्यकारी निर्देशकको नियुक्ती समितिले गरिसक्नु पर्नेछ ।

(३) नियुक्तिका लागि सिफारिश भएको व्यक्ति पन्ध दिन भित्र नियुक्ति लिन नआएमा समितिले छनौटमा परेका अन्य दुई उम्मेदवारहरु मध्येवाट एकलाई सो पदमा नियुक्त गर्न सक्नेछ ।

(२)कार्यकारी निर्देशक आफ्नो काम कारवाहीको लागि समितिप्रति उत्तरदायी हुनेछन् ।

११. **कार्यसम्पादन सम्झौता गर्नु पर्ने** (१) समितिले कार्यकारी निर्देशक पदमा नियुक्तहुने व्यक्तिसंग निजलाई नियुक्तिगर्दा नै ऐनको दफा ४४ बमोजिम कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको कार्य सम्पादन सम्झौता गर्दा कोषको उद्देश्यलाई मुल आधार बनाई सो प्राप्तिको लागि आवश्यकता अनुरुपकाकार्य सम्पादन सम्झौताको शर्तहरु तोक्न सक्नेछ ।

१२. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : ऐनको दफा ४३ मा उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकका अन्य काम कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछन् :

(क) समितिबाट स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीनियुक्त सम्बन्धी कार्य गर्ने तथा गराउने।

(ख) कोषको कुनै लगानी तथा योजनाको विषयमा कुनै नीतिगत तथा व्यवहारिक कठिनाइ उत्पन्न भएमा सोको निराकरणको लागिसमिति समक्ष प्रस्ताव पेश गर्ने ।

(ग) कोषको जायजेथा वा सम्पतिको विवरण अद्यावधिक गर्ने र त्यस्तो जायजेथा तथा सम्पत्तिको उचित संरक्षणको व्यवस्था मिलाउने,

(घ) समितिलेप्रत्यायोजन गरे बमोजिम तथा कानुन बमोजिम निजको जिम्मेवारीमा रहेको कामको सम्बन्धमा सम्बन्धित पक्षसंग सम्झौता गर्ने र कोषले बनाउने योजना, निर्देशिका, सम्झौता र कार्यविधिको मस्यौदा तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) ऐन,नियमावली तथा विनियमावलीमा अन्यथा लेखिएकोमा बाहेक कोष वा कार्यालयको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

१३. **कार्यकारी निर्देशकको कार्यकाल** : कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुनेछ र कार्यसम्पादनको आधारमा निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न बाधापर्ने छैन ।

१४. **पारिश्रमिकतथा सुविधा**:(१) कार्यकारी निर्देशकको मासिक पारिश्रमिक तथा सुविधाहरु अनुसूची१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपविनियम (१)बमोजिम पारिश्रमिक निर्धारण गर्दा आधारभुत पारिश्रमिक, वार्षिक पारिश्रमिक वृद्धिको अंक तथा नियमित रुपमा पाउने भत्ता रकम समेत सम्झौतामा खुलाउनु पर्नेछ ।

(३) कोषको कार्यकारी निर्देशक पदमा सरकारी कोषबाट निवृत्तिभरण पाई रहेको व्यक्ति नियुक्त भएको अवस्थामा नियमावलीको नियम २६(२) बमोजिम निजले कोषले प्रदान गर्ने पारिश्रमिक वा निवृत्तिभरण मध्ये कुनै एउटा मात्र लिन पाउनेछ तर भत्ता तथा अन्य सुविधा लिन बाधा पर्ने छैन ।

१५. **सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने:**कोषको कार्यकारी निर्देशक सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने छ । यसरी सुरक्षा योजनामा सहभागी भएको कारणले निजको कोषसँगको निजी स्वार्थ भएको मानिने छैन ।

१६. **बिदा:** (१) कार्यकारी निर्देशकले एक वर्षमा पारिश्रमिक सहित घर बिदा तिस दिन पाउने छ ।

(२) बिरामी बिदा वापत प्रत्येक वर्ष पारिश्रमिक सहित बाह्र दिन बिदा पाउने छ ।

(३) आफै किरिया बस्नु पर्ने आफ्नो परिवारको कुनै सदस्यको मृत्यु भएमा निजको कूल धर्म परम्परा अनुसार एक पटकमापारिश्रमिक सहित पन्ध्र दिनसम्म किरिया बिदा लिन पाउनेछ । तर महिला कार्यकारी निर्देशकको हकमा निजले सासु ससुराको किरिया बस्दा समेत बिदा पाउने छन् ।

(४) कार्यकारी निर्देशकले तीन दिन सम्मको बिदा समितिकोअध्यक्षलाई जानकारी गराई आफै स्वीकृत गर्न सक्नेछ । सो भन्दा बढी बिदा बस्नु परेमा अध्यक्षबाट बिदा स्वीकृत गराउनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकले उपविनियम (१) र (२) बमोजिमका बिदा संचित गरी राख्न सक्नेछ र त्यस्तो संचित बिदा बापत निजले खाइपाई आएको आधारभूत पारिश्रमिकको हिसाबले हुन आउने रकम अवकाश भएपछि कोषले भुक्तानी दिनेछ ।

(६) कार्यकारी निर्देशक पदमा नियुक्त व्यक्ति आफै प्रसुती भएमा पारिश्रमिक सहित ९८ दिन प्रसुती बिदा पाउने छन् र कार्यकारी निर्देशकको श्रीमती प्रसुती भएको अवस्थामा पारिश्रमिक सहित १५ दिन प्रसुति स्याहार बिदा लिन पाउनेछन् ।

१७. **कार्य सम्पादन मूल्याङ्कन:** (१) कार्यकारी निर्देशकले प्रत्येक६/६ महिनामा कोषको कार्य सम्पादनको विषयमा समितिलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२)उपविनियम (१) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन मूल्याङ्कन गर्न समितिले एक जना सदस्यको संयोजकत्वमा विषयविज्ञ समेत बढीमातीन सदस्यीय मूल्याङ्कन उपसमिति गठन गर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको मूल्याङ्कन उपसमितिले कार्यकारी निर्देशकले पेश गरेको प्रतिवेदन अनुसार निजबाट ६ महिनाको अवधिमा सम्पादन भएको कामको परिणाम, लागत, उपलब्धि र गुणस्तर समेत मूल्याङ्कन गरी निजसंग भएको सम्झौतामा उल्लेख भए बमोजिम भए नभएको एकिन गरी समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपविनियम(३) बमोजिम प्रतिवेदन पेश गर्नु अघिउपसमितिले कार्यकारी निर्देशकसँग प्रतिवेदनमा उल्लेखित कुनै विषयमा आवश्यक जानकारी माग गर्न सक्नेछ ।

(५) उपविनियम (३) बमोजिमको मूल्यांकनको आधारमा कार्यकारी निर्देशकले अतिउत्तम अंक हासिल गरेमा उपसमितिले अनुसूची १ बमोजिम प्रोत्साहन भत्तादिन सिफारिश गर्नेछ ।

(६) उत्तम अंक हासिल गरेमा निजले खाईपाई आएको सुविधा यथावत रहने छ तर सो वाहेक अन्य स्तर हासिल गरेमा निजले खाईपाई आएको विशेष भत्ता प्रदान गरिने छैन ।

१८. **सपथग्रहण** :कोषको कार्यकारी निर्देशकले अनुसूची-२ मा व्यवस्था भए वमोजिम समितिको अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ ।

१९. **राजीनामा सम्बन्धी व्यवस्था** : कार्यकारी निर्देशकले स्वेच्छाले आफ्नो पदवाट राजीनामा दिन चाहेमा तीनमहिना अगावै समितिका अध्यक्ष समक्ष राजिनामा पेश गर्नु पर्नेछ । तीनमहिनाको सुचना अवधि नदिई राजिनामा दिएमा ३ महिनाको पारिश्रमिक वरावरको रकम क्षतिपूर्ति असुलउपर गरीने छ ।

२०. **बरबुझारथ** :कार्यकारी निर्देशकले सेवा छोड्दा समितिले तोकेको व्यक्ति समक्ष कोषको आर्थिक प्रशासन विनियमावली वमोजिम बरवुझारथ गर्नु पर्नेछ ।

२१. **अनुसूचीमा हेरफेर :** समितिले आवश्यकता अनुसार यस विनियमावलीको अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

विनियम १४ को उपविनियम (१) संग सम्वन्धित

**कार्यकारी निर्देशकले पाउने सुविधाहरु**

१. **पारिश्रमिक :** मासिक आधारभूत पारिश्रमिक रु २००,०००/- (अक्षरुपि दुई लाख) र आधारभुत पारिश्रमिकको २५प्रतिशतभत्ता प्रदान गरिनेछ ।

२. **चाडपर्व खर्च :** कार्यकारी निर्देशकले आफ्नो धर्म, सस्कृति र परम्परा अनुसार मनाईने चाडपर्वको लागी खाईपाई आएको एक महिनाको आधारभुत पारिश्रमिक वरावरकोरकम प्रत्येक वर्षचाडपर्व खर्चको रुपमा पाउनेछ । यस्तो रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म सस्कृति परम्परा अनुसार मनाईने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

४. **सवारी साधन :** कोषले कार्यकारी निर्देशकलाईसवारी साधन र सवारी चालक कार्यालय सम्वन्धी कामका लागी उपलब्ध गराउने छ ।

४. **ईन्धन खर्च :** कार्यकारी निर्देशकले मासिक १२० लिटर पेट्रोल वा डिजेल भन्दा वढी नहुने गरी विल वमोजिमको रकम ईन्धन खर्च वापत पाउनेछ ।

५. **उपचार खर्च तथा दुर्घटनाको समयको उपचार:**कोषको कार्यकारी निर्देशकलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराई कोषवाट सुविधा प्रदान गरिनेछ ।

६. **भ्रमण भत्ता तथा सुविधा :**कार्यकारी निर्देशकस्वदेश तथा विदेश भ्रमणमा जादाँ सो वापतको भ्रमण भत्ता तथा सुविधा नेपाल सरकारको प्रथम तहको सुविधा पाउने अधिकृतले पाए सरहको पाउनेछ ।

७. **प्रोत्साहन भत्ता :** कार्य सम्पादन मूल्याङ्कनमाअतिउत्तम अंक प्राप्त गरेमाप्रोत्साहन भत्ता वापतवित्तीय कार्यसम्पादनको आधारमाअतिरिक्त प्रतिफल गणना गरी अतिरिक्त प्रतिफलको२० प्रतिशत रकम प्रोत्साहन भत्ता वापत व्यवस्था गरी सो रकमलाई सत प्रतिशत मानी सो को ५ प्रतिशतले हुन आउने रकमवा ६महिनाको आधारभुत पारिश्रमिक मध्ये जुन कम हुन्छ सो वरावरको रकम कार्यसम्पादन प्रोत्साहन भत्ता वापत दिईने छ । अतिरिक्त प्रतिफल गणनाको आधार र गणना विधि सामाजिक सुरक्षा कोष संचालक समिति र कार्यकारी निर्देशक वीच हुने कार्यसम्पादन सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

८. **कर सम्बन्धी दायित्व:**कार्यकारी निर्देशकले कोषवाट पाउने पारीश्रमिक तथा अन्य सुविधा वापतको कर सम्बन्धी दायित्व निज स्वयंले बेहोर्नु पर्नेछ ।

अनुसूची-२

(विनियम १८सँग सम्बन्धित)

**शपथ ग्रहण फाराम**

म.............................................योगदानकर्ताको नाममा शपथ लिन्छु कि कोषको कार्यकारी निर्देशकको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान्दारिताका साथ वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही कोषको विनियमावली तथा प्रचलित कानूनको व्यवस्थाको अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कोषसँग सम्बन्धित कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरूकसैलाई म सेवामा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन ।

| शपथ ग्रहण गर्नेकार्यकारी निर्देशक | शपथ ग्रहण गराउने समितिको अध्यक्ष |
|---|---|
| (क) नाम : | (क) नाम : |
| (ख) दस्तखत : | (ख) दस्तखत : |
| (ग) मिति : | (ग) मिति : |